# कर बुलेटिन
# Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष १,  अङ्क १,  २०६९ श्रावण  Vol 1,  Issue 1,  July-August 2012


## शुभकामना

### माननीय अर्थमन्त्रीज्यूबाट व्यक्त शुभकामना सन्देश

नेपाल सरकार

वर्षमान पुन "अनन्त"
अर्थमन्त्री

**शुभकामना**

आन्तरिक राजस्व विभागले मुलुकको राजस्व परिचालन र कर प्रशासन सञ्चालनमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ । यस विभागबाट यस अघि पनि धेरै प्रकाशनहरू सार्वजनिक भइसकेका छन् । यही सिलसिलामा मासिक प्रकाशनका रूपमा प्रथम पटक "**कर बुलेटिन**" प्रकाशन हुन लागेकोमा अत्यन्त खुसी लागेको छ । कर सम्बन्धी विषयहरूको जानकारी पाउनु प्रत्येक करदाता र नागरिकको अधिकार हो र यस्तो सूचनाहरू सम्प्रेषण गर्नु कर प्रशासनको जिम्मेवारी पनि हो । यस प्रकाशनको माध्यमबाट कर प्रशासनको उक्त जिम्मेवारी पूरा गर्न सघाउ पुग्ने आशा लिएको छु ।

आम नागरिक र करदाताहरूलाई कर प्रणाली, कर प्रशासन र कर कानुनहरूका बारेमा पर्याप्त जानकारी नहुँदा करको दायरामा नआउने, दायरामा आएपनि कर सहभागिता नहुने, कानुन परिपालनामा उदासीनता देखाउने र समय समयमा कर छली जस्ता जटिल समस्याहरू आउने गर्दछन् । अझ हाम्रो जस्तो विकासोन्मुख मुलुकमा करदाता भन्नाले उद्योग, व्यापार, व्यवसाय गर्ने व्यक्तिहरू मात्र हुन् भन्ने आमधारणा रहेको छ । यस्तो धारणामा परिवर्तन गरी आय आर्जन गर्ने सबै नागरिक करदाता हुन् र कर तिर्नु भनेको आफ्नो आय र व्यवसाय वैध बनाउने माध्यम पनि हो भन्ने जनचेतना जगाउनु समेत जरुरी छ । यस्तो प्रकाशनले आम रूपमा कर सम्बन्धी विषयमा सूचना प्रवाह भई जनचेतना अभिवृद्धि गर्न सघाउ पुग्ने अपेक्षा राखेको छु ।

आम नागरिकहरूमा करसम्बन्धी जानकारी भएमा कर प्रशासनलाई छिटो, छरितो र करदातामैत्री बनाउन सघाउ पुग्नेछ । करदाताहरू कर प्रशासनको पहुँचमा नआउने प्रवृत्ति घट्न गई करको दायरामा आउन र स्वेच्छिक कर सहभागिता जनाउन पनि प्रोत्साहन मिल्नेछ । यस प्रकाशनका आगामी अंकहरूमा कर सम्बन्धी कानुन, कर प्रशासनको संरचना र कार्यप्रणाली लगायतका करदातालाई र आम नागरिकलाई उपयोगी हुने विषयहरूलाई समेटी सरल भाषामा प्रकाशित गर्न सकेमा बढी फलदायी हुनेछ । कर प्रणाली, कर प्रशासन र कर कानुनसम्बन्धी विवरणहरू समावेश गरिएको यस्तो बुलेटिनको नियमित प्रकाशन एवं वितरण गर्ने कार्यबाट करदाता, कर प्रशासक लगायत कर प्रणालीका बारेमा चासो राख्ने सबै व्यक्ति एवं निकायहरू लाभान्वित हुने विश्वास लिएको छु ।

अन्त्यमा, यस "**कर बुलेटिन**" को मासिक प्रकाशनको थालनी गर्ने आन्तरिक राजस्व विभागका महानिर्देशक लगायतका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद एवं बधाई दिँदै प्रकाशनको सफलता एवं निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु ।

१२ श्रावण, २०६९

वर्षमान पुन
अर्थमन्त्री

सिंहदरबार, काठमाडौं नेपाल  www.mof.gov.np

### श्रीमान् अर्थसचिवज्यूबाट व्यक्त शुभकामना सन्देश

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं नेपाल ।

पत्र संख्या :-
च. नं :-

**शुभकामना**

आन्तरिक राजस्व विभागबाट मासिक प्रकाशनका रुपमा "कर बुलेटिन" प्रकाशन हुन लागेकोमा अत्यन्त हर्ष लागेको छ । कर प्रशासनको सञ्चालनबाट करदाताहरूलाई गुणस्तरीय सेवा प्रवाह गर्दै मुलुकमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क लगायतका स्रोतहरूबाट कर राजस्व संकलन गर्न आन्तरिक राजस्व विभागले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

आन्तरिक राजस्व विभागले प्रदान गरेका सेवाहरूको विवरणहरू र गतिविधिहरू समेटी प्रकाशन गरिने यस बुलेटिनको माध्यमबाट विभागले सम्पादन गरेका कार्यहरू जनसमक्ष समेत पुग्ने हुँदा विभागले सम्पादन गर्ने कार्यमा थप गुणस्तरीयता आउने विश्वास लिएको छु । यस प्रकाशनमार्फत् कर प्रशासनबाट भएगरेका सुधारका पक्षहरू नीतिगत निर्णयहरू, कानूनी एवं प्रक्रियागत व्यवस्थाहरूमा समय समयमा भएका संशोधन एवं परिमार्जन तथा नयाँ व्यवस्थाहरूका बारेमा सम्बद्ध सरकारी, गैर सरकारी, निजी क्षेत्र एवम् सर्वसाधारण जनतालाई छिटो छरितो र सहज ढङ्गले नियमित रूपमा सूचना एवं जानकारी उपलब्ध हुनेछ भन्ने अपेक्षा राखेको छु ।

नेपालको कर प्रणाली, कर प्रशासन र कर कानूनहरूमा समसामयिक सुधार र परिमार्जनको खाँचो छ । त्यस्तै करको दायरामा नआएको अनौपचारिक क्षेत्रलाई दायरामा ल्याउने र दायरामा आएका करदाताहरूलाई गुणस्तरीय सेवा प्रदान गरी कर सहभागिता वृद्धि गर्दै कर संकलन गर्नु अत्यन्त चुनौतीपूर्ण कार्य हो । यस्ता क्षेत्रहरू पत्ता लगाई रणनीतिक र कार्यनीतिक योजना बनाई विभागले सुधारका कार्यक्रम कार्यान्वयन गर्ने र जनसाधारणसम्म सुसूचित गर्ने अपेक्षा राखेको छु । बुलेटिनको नियमित प्रकाशनबाट करदाता एवं अन्य सरोकारवाला व्यक्ति तथा निकायहरूले करसम्बन्धी निर्णय एवं गतिविधिहरूकाबारेमा जानकारी प्राप्त गर्न सक्ने र कानून बमोजिम सूचना पाउने हकको प्रत्याभूति गर्न सघाउ पुग्न गई कर सहभागिता अभिवृद्धि गर्न थप सहयोग पुग्ने विश्वास लिएको छु ।

यस बुलेटिनमा आगामी दिनहरूमा कर प्रशासनका सेवा प्रवाहका उत्कृष्ट नमूनाहरू समावेश गरी प्रकाशन गर्ने र करदाताहरूका गुनासा तथा समस्या समेटी तिनलाई सम्बोधन गर्ने संयन्त्र बनाउन सकेमा कर प्रशासन अझ बढी पारदर्शी र करदातामैत्री हुनेछ । साथै बुलेटिनमा आर्थिक क्षेत्रका विज्ञ र कर प्रशासनका कर्मचारीहरूका लेख रचना र सिर्जनाहरू समावेश गर्नु पनि उपयुक्त हुने छ । यस प्रकाशनको शुभारम्भ भएकोमा आन्तरिक राजस्व विभागका महानिर्देशक लगायत आम कर्मचारीहरूलाई हार्दिक बधाई र धन्यवाद दिन चाहन्छु । अन्त्यमा, बुलेटिनको नियमित प्रकाशनको अपेक्षासहित पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछु ।

१२ श्रावण, २०६९

कृष्णहरि बाँस्कोटा
सचिव
अर्थ मन्त्रालय

# राजस्व असुली लक्ष्यभन्दा ३ अर्ब बढी




आन्तरिक राजस्व विभाग अन्तर्गत गत आ.व.२०६८/०६९ को राजस्व असुली लक्ष्यभन्दा ३ अर्ब बढी भएको छ। गत आ.व.का लागि निर्धारित लक्ष्य रु. ९४ अर्ब ९८ करोड ३८ लाख १ हजारमध्ये उक्त अवधिमा जम्मा रु. ९८ अर्ब १२ करोड २८ लाख ८३ हजार असुली भई लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको छ जुन निर्धारित लक्ष्यभन्दा ३ अर्ब १३ करोड ९० लाखले बढी हो । असार मसान्तसम्मको उक्त असुली आ.व. २०६७/०६८ को तुलनामा २२.३ प्रतिशतले बढी हो। साथै २०६९ असारका लागि निर्धारित लक्ष्य रु १५ अर्ब ३७ करोड ६४ लाख ४ हजार रहेकोमा सो लक्ष्यको तुलनामा १०५ प्रतिशत असुली भई जम्मा रु. १६ अर्ब १२ करोड ८२ लाख ३८ हजार असुली भएको छ।

गत आ.व.को असार मसान्तसम्मको शीर्षकगत असुलीको अवस्था हेर्दा आयकर, मू.अ.कर, अन्त:शुल्क, र शिक्षा सेवा शुल्क क्रमश: ५२ अर्ब ३३ करोड ३२ लाख, २५ अर्ब ६५ करोड ८ लाख, १९ अर्ब ९१ करोड ४० लाख र २२ करोड ३७ लाख असुली भएको छ जसमध्ये आयकर, मू.अ.कर र अन्त:शुल्कतर्फ क्रमश: लक्ष्यभन्दा बढी १०३ प्रतिशत, १०४ प्रतिशत र १०३ प्रतिशत असुली भएको । यस्तै शिक्षा सेवा शुल्कतर्फ लक्ष्यको तुलनामा ९० प्रतिशत असुली हुनसकेको छ।

## आँखीभ्याल


आ.व. २०६८/६९ को मासिक राजस्व लक्ष्य असुलीको तालिका पृष्ठ ६

नक्कली भ्याट बिजक सम्बन्धी छानबिनको विस्तृत विवरण पृष्ठ ८

शासकीय सुधार कार्ययोजना, २०६८ कार्यान्वयन वार्षिक प्रगति विवरण पृष्ठ १०




कर तिर्नु कानूनी कर्तव्य मात्र होइन, सम्मान पाउने अवसर पनि हो ।

**संरक्षक**

टंकमणि शर्मा

**प्रधान सम्पादक**

कृष्णप्रसाद देवकोटा

**सम्पादक मण्डल**

नरसागर श्रेष्ठ

मदन दाहाल

महाराज कोइराला

नारायणप्रसाद सुवेदी

शिव शर्मा

ढुण्डीराज दाहाल

**प्रकाशक**

आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

फोन : ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९

Email: taxbulletin@ird.gov.np

Website: www.ird.gov.np

# महानिर्देशकको सन्देश



मुलुकको आर्थिक विकासको लागि राजस्व संकलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालनलाई अभिवृद्धि गर्न आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका करसम्बन्धी कानूनहरू तर्जुमा भई आन्तरिक राजस्व विभागबाट कार्यान्वयन भइआएको छ। यस विभागले कर असुल उपर गरी मुलुकको आर्थिक विकासको लागि राजस्व परिचालनलाई अभिवृद्धि गर्ने गर्दछ। यस विभागले आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, २०५८ र यी अन्तर्गत बनेका नियमावलीहरूको आधारमा राजस्व संकलन गर्ने तथा कर प्रशासन र कर प्रणाली सञ्चालन गर्ने र समसामयिक सुधारको कार्य गर्दछ।

यस विभागले आफ्ना प्रकाशनहरू र वेभसाईटको माध्यमबाट करदाता, आम नागरिक र अन्तर्राष्ट्रिय जगतमा सूचनाहरू सम्प्रेषण गर्दै आइरहेको छ। यस प्रक्रियालाई अझ विस्तार गर्न यस विभागबाट भएगरेका कमकारवाही, कार्यसम्पादन र गतिविधिहरूलाई अझ व्यवस्थित ढंगले सम्बद्ध सरोकारवाला पक्षहरूको जानकारीको लागि सम्प्रेषण गर्ने उद्देश्यले यो "**कर बुलेटिन**" प्रकाशनको थालनी गरिएको छ। यस बुलेटिनमा आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूबाट महिनाभर सम्पादन भएका कार्य र प्रगतिहरूको सारांश, विभाग र माताहतका कार्यालयहरूबाट सम्पादन भएका महत्वपूर्ण र उल्लेखनीय गतिविधिहरूको विवरण, कर प्रशासनको सन्दर्भमा नेपाल सरकारबाट समयसमयमा भएका निर्णय र व्यवस्थाहरू, साथै विद्यमान ऐन, नियम, नीति र कार्य प्रणाली तथा प्रक्रियाहरू, कर प्रणाली, कर प्रशासन र कर कानूनहरूमा भएका परिमार्जन लगायत विभागीय गतिविधिहरू समेटिनेछन्।

यस प्रकाशनको प्रथम अंकमा आर्थिक वर्ष २०६८/६९ को समग्र स्थिति र गतिविधि समेटी प्रकाशन गरिएको छ भने आगामी अंकहरू मासिक रुपमा प्रकाशित गरिनेछ। कुनै विशेष अवस्थामा विशेषांकहरू समेत प्रकाशित गरिनेछ। समावेश हुने कर सम्बन्धी सामग्री तथा विविध सूचनाहरूबाट आम नागरिकको कर चेतनामा अभिवृद्धि भई करदाताहरूलाई आफ्नो कर दायित्वप्रति थप जिम्मेवार हुन सघाउ पुग्नेछ। साथै कर प्रशासनलाई समेत पार दर्शी एवं थप प्रभावकारी बनाउन सहयोगी हुनेछ। कर प्रशासन र करदाताबीचमा ठूलो खाडल रहेको पाइएको छ। त्यस्तो खाडललाई निरन्तर सम्वाद र सहकार्यबाट मात्र पूर्ति गर्न सकिने हुँदा यो प्रकाशनले उक्त उद्देश्य पुरा गर्ने अपेक्षा गरिएको छ। यस बुलेटिनको माध्यमबाट कर प्रशासनलाई करदाताको निकटमा पुग्न सहयोग पुग्नेछ भने करदाताहरूलाई कर प्रशासनसम्म पुग्ने अवरोध कम भई कर सहभागितामा अभिवृद्धि हुने विश्वास लिएको छु। कर प्रशासनमा हाल करको दायरामा नआउने, दायरामा आएकाले पनि पूर्ण रुपमा कानूनी व्यवस्थाको पालना नगर्ने, कर छलीका प्रकरणहरू श्रृंखलाबद्ध ढंगले फेला पर्ने, कर प्रशासन करदातामैत्री नहुने र करदाता कर प्रशासनप्रति निर्भर नहुने, कर प्रशासनसँग करदाताको सहज पहुँच नहुने, निर्धारण गरिएको कर समयमा नतिर्ने, मुद्दा मामिला पर्ने जस्ता समस्याहरू देखिएका छन्।

यी समस्याहरूको दीर्घकालीन निराकरणका लागि कर प्रणालीको जानकारी, कर प्रशासनप्रति विश्वास र कर दाताहरूको सहभागिताको खांचो छ। कर प्रशासनसँग डर होइन भर गर्ने वातावरणको सिर्जनाका लागि कर प्रणाली सुधारसम्बन्धी कार्ययोजना तयारीको अन्तिम चरणमा पुगेको छ। कर प्रणाली सुधार र कर प्रशासनलाई पारदर्शी र थप व्यवस्थित गर्ने सन्दर्भमा यो प्रकाशन पनि एउटा थालनी हो। यो प्रकाशनको प्रथम अंक भएकाले यसमा थप सुधार र परिमार्जनका लागि सुझाव र सल्लाहको अपेक्षा राखेको छु। अन्त्यमा, यस प्रकाशनका आगामी अंकहरूमा अर्थतन्त्र र कर सम्बन्धी विभिन्न विषयहरू समावेश गरी पठनीय बनाउने प्रयास गरिनेछ। त्यसैगरी करको चर्चा र वकालत, उद्योग, व्यापार क्षेत्रले गरिरहेको र कर सम्बन्धी सुझावहरू पनि त्यही क्षेत्रबाट मात्र आइरहेकोमा अबदेखि करको विषयलाई घरघरमा चर्चाको विषय बनाउन यस बुलेटिनले मदत छ। बुलेटिनको नियमित प्रकाशनको प्रतिबद्धता व्यक्त गर्दै यस कार्यमा संलग्न यस विभागका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। अन्ततः आर्थिक वर्ष २०६८/६९ मा यस विभागलाई तोकिएको राजस्वको लक्ष्य ९४ अर्ब ९८ करोड तोकिएकोमा सो लक्ष्यभन्दा रु. ३ अर्ब १५ करोड बढी असुली गर्न सहयोग गर्ने आम करदाता र कर प्रशासनका कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। आर्थिक वर्ष २०६८/६९ मा हामीले सम्पादन गरेको काम र करदाताबाट प्राप्त सहयोगले विभाग प्रोत्साहित भएको छ। आ.व. २०६९/७० लाई कर प्रणाली सुधार वर्षको रुपमा कार्यान्वयनमा ल्याउने विभागको योजना रहेको छ। यस सन्दर्भमा यस आर्थिक वर्षमा कर प्रणाली, कर प्रशासन, करका कानूनहरूमा समेत समसामयिक सुधार र परिमार्जन गरी नेपालको कर प्रशासनलाई पारदर्शी र करदातामैत्री बनाउने अभियानमा आम नागरिक, करदाता र कर प्रशासनको सक्रिय सहभागिता र सहयोगको अपेक्षा सहित आ.व. २०६९/७० मा आम करदाताको व्यापार व्यावसायको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

**टंकमणि शर्मा**
**महानिर्देशक**



कुनै पनि सामान खरीदबिक्री गर्दा बिल लिनेदिने बानी बसालौं।

# नेपाल-भारतबीच दोहोरो कर मुक्ति सम्झौता सम्पन्न



नेपाल र भारतबीच दोस्रो पटक २०६८ मंसीर ११ (नोभेम्बर २७, २०११) मा कर प्रशासनसँग सम्बन्धित सूचनाहरू आदानप्रदान गर्ने प्रावधानसहितको दोहोरो कर मुक्ति सम्झौता सम्पन्न भएको छ। उक्त सम्झौतामा प्रधानमन्त्री श्री बाबुराम भट्टराईको उपस्थितिमा नेपालकातर्फबाट अर्थमन्त्री श्री वर्षमान पुन तथा भारतकातर्फबाट भारतीय वित्तमन्त्री श्री प्रणव मुखर्जीले हस्ताक्षर गर्नुभएको छ। नेपाल र भारतबीच प्रथम पटक सन् १९८७ मा सम्पन्न दोहोरो कर मुक्ति सम्झौतामा सूचना आदानप्रदान, कर बक्यौता असुली व्यवस्था लगायत हाल विश्वमा प्रचलित ग्ल तथा इम्ऋम :यमर्भा मा रहेका प्रावधानहरू नसमेटिएको हुँदा यस नयाँ सम्झौताको आवश्यकता परेको हो।

नेपालले उदार अर्थनीति अवलम्बन गरि रहेको सन्दर्भमा यस सम्झौता पश्चात् वैदैशिक लगानी आकर्षित हुनुका साथै कर सम्बन्धी सूचनाको आदानप्रदानको प्रक्रिया सुदृढ भई कर चुहावट एवं कर अपचलन नियन्त्रण कार्यमा समेत ठूलो सहयोग पुग्ने देखिन्छ।

यस सम्झौतामा एक देशमा व्यवसाय गरेर अर्को देशमा बसोबास गरिरहेको व्यक्तिले उक्त देशमा कर बक्यौता राखेको पाइएमा व्यवसाय सञ्चालन गरिरहेको देशले सो बक्यौता असुल उपर गरी सम्बन्धित देशलाई बुझाउनुपर्ने व्यवस्था गरिएको हुनाले हाल नेपालको अर्थव्यवस्थामा विद्यमान अनौपचारिक अर्थतन्त्रको आकारमा क्रमशः सुधार भई दुवै देशको कुल अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। देशले अपनाएको कर नीतिको अन्य सबै नीति तथा क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने हुँदा कर नीतिकै एक अभिन्न अंगका रूपमा रहेको यो सम्झौताको कार्यान्वयन पश्चात् दुवै देशको अर्थतन्त्र थप मजबुत बन्दै जाने देखिन्छ।

# घर बहाल कर सम्बन्धी विशेष अभियान सञ्चालन

आन्तरिक राजस्व विभागले घर बहाल कर असुलीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन बहाल कर असुली सम्बन्धी कार्यविधि निर्देशिका २०६९ जारी गर्नुका साथै उक्त निर्देशिका अनुरुपको बहाल कर पुस्तिका समेत जारी गरेको छ। अर्थ मन्त्रालयको सभा कक्ष सिंहदरवारमा आयोजित एक कार्यक्रमकाबीच अर्थमन्त्री श्री वर्षमान पुनले उक्त निर्देशिका सार्वजनिक गर्नुभएको थियो।





आयकर ऐन, २०५८ को दफा १३९ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको उक्त निर्देशिकाबाट बहाल आय घोषणा गर्ने र सो कर असुल उपर गर्ने कार्य थप व्यवस्थित एवं प्रभावकारी हुने छ। साथै गलत ढङ्गबाट सो करको घोषणा गर्ने कार्य र बहाल आय घोषणा नै नगर्ने कार्यलाई कानून बमोजिम कर निर्धारण गरी असुल उपर गर्ने प्रक्रिया समेत व्यवस्थित हुने देखिन्छ। उक्त निर्देशिकामा बहाल आयकर तिर्नु पर्ने दायित्व, आय विवरण पेश गर्नुपर्ने/नपर्ने व्यवस्था, बहाल आयकरको दर, खर्च कट्टी सम्बन्धी व्यवस्था, बहाल आयको क्षेत्र लगायतका विषयमा स्पष्ट व्यवस्था गरिएको छ। उक्त निर्देशिकाको प्रभावकारी कार्यान्वयनको निम्ति विभागले काठमाडौं उपत्यका र देशका सबै नगरपालिकाहरूमा विशेष अभियान नै सञ्चालन गरिरहेको छ जस अन्तर्गत काठमाडौं महानगरपालिकाका सबै वडा कार्यालयहरू र उपत्यकाका अन्य नगरपालिकाका कार्यालयहरूमा कर अधिकृतको नेतृत्वमा १/१ वटा टोली खटाई घर बहाल विवरण संकलन तथा बहाल कर पुस्तिकाको वितरण गर्ने कार्य भइरहेको छ।

# कम्पनी रजिष्ट्रारको कार्यालयसँग सूचना आदानप्रदान तथा एकीकृत दर्ता प्रणाली सम्बन्धी समझदारी



आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयबीच सीधा डाटा लिंक स्थापना गरी सूचनाको आदानप्रदान, कम्पनी दर्ता प्रक्रिया तथा स्थायी लेखा नम्बर दर्ता प्रक्रिया एकीकृत गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ। उक्त समझदारी पत्रमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्मा र कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री लवराज श्रेष्ठले मिति २०६८ साल चैत्र ५ गते हस्ताक्षर गर्नुभएको थियो। उक्त समझदारी पत्रको व्यवस्थाबाट आन्तरिक राजस्व विभागलाई कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका कम्पनीहरूले स्थायी लेखा नम्बर लिए/नलिएको निश्चित गर्न र दर्ता भएका कम्पनीहरूको नाम, ठेगाना र उद्देश्य लगायत अन्य विषयमा भएको परिवर्तनको अद्यावधिक विवरण प्राप्त गर्न सहयोग पुग्ने छ भने कम्पनी रजिष्ट्रारको कार्यालयलाई आन्तरिक राजस्व विभागबाट दर्ता खारेज गरिएका कम्पनीहरूको बारेमा अद्यावधिक विवरण प्राप्त गर्न सहयोग पुग्ने छ। साथै यस व्यवस्थाबाट कम्पनी ऐन बमोजिम दर्ता हुने कम्पनीको नाममा दर्ताकै समयमा आन्तरिक राजस्व विभागबाट सुरक्षित गरिएको स्थायी लेखा नम्बर जानकारी गराई सो प्राप्त गर्न आवश्यक पर्ने प्रक्रियाको विषयमा समेत जानकारी प्रदान गरी व्यवसायीको व्यवसाय सुरू गर्दाको समय र लागत कम गर्न सहयोग पुग्ने देखिन्छ।

उक्त समझदारी पत्र कार्यान्वयनको सिलसिलामा आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयले मुख्य गरी निम्नानुसारका जिम्मेवारी पालना गर्नुपर्ने व्यवस्था गरिएको छ :

क. आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयबीच डाटा लिंक स्थापना गर्ने। ख. दुवै निकायबीच सूचनाको आदानप्रदान गर्ने। ग. कम्पनी दर्ता र स्थायी लेखा नम्बर दर्ता प्रक्रियालाई एकीकृत गर्ने। घ. दर्ता प्रक्रियाका सम्बन्धमा दुवै निकायले करदाता शिक्षा र चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने।

# नक्कली मूल्य अभिवृद्धि कर बिजकसम्बन्धी छानबिन सम्पन्न

आन्तरिक राजस्व विभागबाट झुटा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजक प्रयोग गरी मूल्य अभिवृद्धि कर कट्टी दावी गर्ने ५१८ वटा कर दाताको छानबिन तथा अनुसन्धान सम्पन्न भएको छ। उक्त छानबिनबाट जम्मा रु. ६ अर्ब ५९ कर ोड ७७ लाख ६ हजार कर निर्धारण भएको छ।

नेपाल सरकारको निर्णयअनुसार गत आर्थिक वर्षलाई कर कार्यान्वयन अभियान वर्ष, २०६७/६८ (त्वह भ्लायचअझभलत ऋृफउबष्लनष्लन थ्मबच, द्दण्ज्ञणरज्ञज्ञ) को रूपमा कार्यक्रम बनाई कार्यान्वयनको चरणमा राजस्व चुहावट नियन्त्रणको विशेष अभियान सञ्चालन गरिएको थियो। विभागबाट भएको प्रारम्भिक छानबिनबाट आयकर तथा मूल्य अभिवृद्धि कर कम तिर्ने उद्देश्यले झुठ्ठा तथा नक्कली बिजकको प्रयोग गरिएको तथ्य उजागर भएको थियो। आन्तरिक राजस्व विभागले २०६७ मंसिर देखि ३८ वटा करदाताको प्रारम्भिक अनुसन्धान थालनी गरेको र अनुसन्धान गर्ने क्रममा छानबिनबाट झुटा तथा नक्कली मूल्य अभिवृद्धि कर बिजकको प्रयोग गरी कर छली भएको पाइएकोले थप ४८० समेत ५१८ वटा करदाताको छानबिन गरिएको थियो। जम्मा छानबिन भएका करदातामध्ये ३८ वटा करदाताको आन्तरिक र ाजस्व विभागबाट र बाँकी करदाताको विभाग अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरूबाट छानबिन सम्पन्न भएको हो जसमध्ये ठूला कर दाता कार्यालयबाट सबैभन्दा बढी १५४ करदाताको छानबिन गरी जम्मा रु. ३ अर्ब ६३ करोड ७२ लाख ७३ हजार कर निर्धारण भएको छ।

**छानबिनको समग्र स्थिति विवरण**

छानबिनका लागि छनोट भएका करदाताहरूको कर परीक्षण तथा अनुसन्धानबाट निम्न अनुसार कर निर्धारण भएको छ।

**छानबिन भएका कम्पनीहरूको व्यवसायगत विवरण**

| क्र.सं | विवरण | संख्या |
|---|---|---|
| १. | व्यापार | २२७ |
| २. | ठेक्का | ८३ |
| ३. | उद्योग | ५८ |
| ४. | सवारी साधन | ४४ |
| ५. | हार्डवेयर | ३७ |
| ६. | सेवा | ९ |
| ७. | डिपार्टमण्टल स्टोर | ४ |
| ८. | अन्य | ५६ |
| | **जम्मा** | **५१८** |

आन्तरिक राजस्व विभाग तथा २३ वटा कार्यालयहरूबाट छानबिनको कार्य अगाडि बढाइएका ५१८ वटा केसको छानबिन सम्पन्न गर्दा रु. ३ अर्ब ६ करोड ८० लाख ७१ हजार मूल्य अभिवृद्धि कर, रु. ३ अर्ब ३२ करोड ४३ लाख ६० हजार आयकर तथा रु. २० करोड ५२ लाख ७५ हजार अन्तःशुल्क गरी जम्मा ६ अर्ब ५९ करोड ७७ लाख ६ हजार कर निर्धारण भएको छ।

कर निर्धारण मध्ये हाल सम्म रु. ११ करोड ५५ लाख २५ हजार असुल भइसकेको छ। कर निर्धारण भएको ५१८ करदाताहरू मध्ये हालसम्म १४८ कर दाताहरूले प्रशासकीय पुनरावलोकनको लागि विभागमा निवेदन दिएकोमा ८२ करदाताको निवेदन उपर निर्णय भइसकेको छ र प्रशासकीय पुनर ावलोकनमा आएका करदाताहरूबाट धरौटी बापत रु. ९२ करोड ३९ लाख दाखिला भएको छ। र ाजस्वमा जम्मा र धरौटी समेत गरी हालसम्म करि ब रु. १ अर्ब ३ करोड प्राप्त भएको छ। कर दाखिला गरेको तथा विभागमा प्रशासकीय पुनर ावलोकनमा गएको तथा राजस्व न्यायाधिकरणमा पुनरावेदनमा गएका करदाताहरू बाहेक अन्य कर दाताहरूको हकमा देहायको प्रकिया अपनाई कर असुली गरिने छ।

क) आयकरको हकमा आयकर ऐन २०५८ को दफा १०४ , १०५ तथा १०६ बमोजिम सम्पत्ति माथि नेपाल सरकारको दावी कायम गरेको ,दावी गरेको सम्पत्ति लिलाम बिक्री गरेर तथा दाखिला नगर्ने व्यक्तिलाई नेपाल राज्य बाहिर जान रोक लगाएर।

ख) मूल्य अभिवृद्धि करको हकमा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २१ ले तोकिएका तरिका अपनाएर।

ग) अन्तःशुल्कको हकमा अन्तःशुल्क ऐन २०५८ को दफा १०(ज) बमोजिम तोकिएका तरि का अपनाएर।

उल्लेखित तथ्यांकले मूल्य अभिवृद्धि कर छली नियन्त्रणका लागि तत्काल सुधारका कार्यहरू थालनी गर्नुपर्ने देखिन्छ।

# अवैध मदिरा नियन्त्रण कार्य सम्पन्न



करदाता सेवा कार्यालय, चावहिलबाट कर अधिकृतहरू खिलबहादुर श्रेष्ठ, अनिमेश सुवेदी, उत्तम कुमार घिमिरे एवं नेपाल प्रहरीसहितबको टोलीले गत वैशाख ५, ६ र २६ गते काठमाडौंको बौद्ध, जोरपाटी क्षेत्रमा छापामारी अवैध रूपमा उत्पादित मदिरा र मदिरा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ तथा भाँडावर्तनहरू जफत गर्नुका साथै अवैध मदिरा उत्पादनमा संलग्न बीस जना व्यक्तिलाई पक्राउ समेत गरेको छ। उक्त कारवाहीका क्रममा टोलीले तयारी मदिरा ८०० लिटर र मदिरा बनाउने कच्चा पदार्थ १८,९०० लिटर नष्ट गरी मदिरा उत्पादन तथा भण्डारण गर्न प्रयोग गरिएका भाँडावर्तनहरू जफत गरेको थियो। सो कारवाहीका क्रममा पक्राउ परेका अवैध मदिरा उत्पादन तथा संकलनमा संलग्न व्यक्तिहरूलाई अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ बमोजिम कार वाही भइरहेको करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृत राजन खड्काले जानकारी दिनुभयो।


अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्नु अगाडि अन्तःशुल्क इजाजत लिन नबिर्सौं।

# करदाता सेवा कार्यालयहरुको स्थापना



**आफ्नो पायक पर्ने स्थानमै कर तिर्न पाउने जनताको लोकतान्त्रिक अधिकारलाई स्थापित गर्ने उद्देश्यका साथ सरकारले जनताको सेवाका लागि करदाता सेवा कार्यालयहरूको स्थापना गरिरहेको छ।**

आर्थिक वर्ष २०६८/०६९ को बजेट वक्तव्यमा गरिएको नीतिगत व्यवस्था अनुरुप गत आ.व.मा करदाता सेवालाई थप विस्तार गरी प्रभावकारी बनाउने उद्देश्यका साथ काठमाडौं उपत्यका बाहिर थप करदाता सेवा कार्यालयहरूको स्थापना गर्ने कार्य सम्पन्न भएको छ। सो कार्य अन्तर्गत नवौं कार्यालयका रुपमा २०६९ जेष्ठ ३१ गते बुधवारका दिन माननीय अर्थमन्त्री श्री वर्षमान पुनबाट कर दाता सेवा कार्यालय, धुलिखेलको समुद्घाटन गर्ने कार्य सम्पन्न भयो। सो अवसरमा सम्बोधन गर्नु हुदै अर्थमन्त्री पुनले करदाताहरूको घरदैलोमा सेवा पुऱ्याउने एवं सरकार र कर प्रशासन करदातामैत्री बन्ने अभियान अन्तर्गत करदाता सेवा कार्यालयहरूको स्थापना भइरहेको धारणा राख्नुभयो। त्यस क्रममा अर्थमन्त्री पुनले सरकार करदातालाई अप्ठ्यारोमा पारेर नभई प्रतिष्ठा र इज्जतपूर्वक सामाजिक




दायित्वका रुपमा करलाई स्थापित गर्न चाहन्छ भन्दै सोही अभियान अन्तर्गत धुलिखेलमा करदाता सेवा कार्यालयको स्थापना भएको जानकारी दिनुभयो। उहाँले सो कार्यालयले त्यस क्षेत्रका उद्योगी व्यवसायीहरूसँग सहकार्य र हातेमालो गर्नेमा विश्वास व्यक्त गर्नुभयो। आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा अर्थमन्त्रालय, राजस्व महाशाखा प्रमुख, सहसचिव श्री शान्तराज सुवेदी, राजस्व अनुसान्धान विभागका महानिर्देशक श्री जन्मजय रेग्मी, आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरू श्री विष्णुप्रसाद नेपाल तथा श्री मधुकुमार मरासिनी, काभ्रेपलाञ्चोक जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रुद्र वस्याल लगायत स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधिहरूको सहभागिता



रहेको थियो।

आन्तरिक राजस्व कार्यालय, भक्तपुरका प्रमुख कर अधिकृत श्री दिपक खरेलले स्वागत मन्तव्य दिनुभएको उक्त समुदघाटन कार्यक्रममा अर्थमन्त्रालयका सहसचिव श्री सुवेदीले करको दायरामा आउनु सबैको दायित्व भएको र कर तिरी सकेपछि तिरेको छु भनेर खुसी व्यक्त गर्नु करदाताको अधिकार हो र सोही अधिकारको प्रत्याभूति गराउन करदाता सेवा कार्यालयहरूको स्थापना भइरहेको धारणा राख्नुभयो। मन्तव्यकै क्रममा विभागका महानिर्देशक श्री शर्माले कर प्रशासनसँग डर होइन भर गर्ने गर्नुहोस् भन्दै धुलिखेलमा स्थापित करदाता सेवा कार्यालयले काभ्रेपलाञ्चोक जिल्लाका झण्डै सात हजार करदाताहरूलाई सेवा पुऱ्याई वार्षिक राजस्व संकलनमा २५ देखि ३० करोडसम्म योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा नयाँ दर्ता भएका करदाताहरूलाई अर्थमन्त्री श्री पुनले स्थायी लेखा नम्बर तथा घर बहाल पुस्तिका समेत हस्तान्तरण गर्नुभएको थियो।

सेवा कार्यालयहरू स्थापनाको थालनी गत आ.व.को वैशाख १० गते माननीय अर्थमन्त्री श्री पुनबाटै धवलागिरी अञ्चलको वाग्लुङमा करदाता सेवा कार्यालयको विधिवत् उद्घाटन गरी सञ्चालनमा ल्याएपछि भएको थियो। सो अवसरमा अर्थमन्त्री पुनले लगानी वर्ष २०१२ लाई सफल बनाउन कर को दायरा फराकिलो बनाउनु पर्ने धारणा राख्नु भएको थियो। सो उद्घाटन समारोहमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले करदाता सेवा कार्यालयहरू स्थापनाको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। सोही दिन तनहुँ जिल्लाको दमौली र वैशाख ११ गते पाल्पा जिल्लाको सदर मुकाम तानसेनमा समेत महानिर्देशक श्री टंकमणि शर्माले करदाता सेवा कार्यालयहरूको विधिवत् उद्घाटन गर्नुभएको थियो। सो अवसरमा मन्तव्य राख्नु हुँदै महानिर्देशक शर्माले कर तिर्ने वातावरणलाई करदातामैत्री बनाउनका लागि प्रथम चरणमा करदाता शिक्षा र करदाता सेवाकाबारेमा करदाताहरूलाई जानकारी गराउने कार्यक्रम रहेको जानकारी दिनुभयो। सोही अवसरमा बोल्नु हुँदै आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले आफ्नो पायक पर्ने स्थानमै कर तिर्न पाउने जनताको लोकतान्त्रिक अधिकारलाई स्थापित गर्ने उद्देश्यका साथ सरकारले जनताको सेवाका लागि करदाता सेवा कार्यालयहरूको स्थापना गरिरहेको बताउनुभयो।

करदाता सेवा कार्यालयहरूको स्थापना गर्ने क्रमलाई निरन्तरता दिने क्रममा यही वैशाख १४ गते सुनसरी जिल्लाको इटहरी र झापा जिल्लाको दमकमा तथा वैशाख १५ गते इलामको सदरमुकाम इलाम बजारमा समेत सेवा कार्यालयहरूको उद्घाटन निवर्तमान अर्थ राज्यमन्त्री श्री हरिराज खेवा लिम्बूबाट भएको थियो। उपर्युक्त कार्यक्रमहरूलाई आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्मा र उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले समेत



सम्बोधन गर्नुभएको थियो। कर सुधार कार्यक्रम अन्तर्गत करदाताको घरदैलोमा सेवाको पहुँच पुऱ्याउने र करदाताको व्यावसायिक लागत कम गर्ने अभियानको थालनी स्वरुप करदाता सेवा कार्यालयहरू स्थापना गर्ने कार्य आर्थिक वर्ष २०६७/६८ देखि नै सुरू भई काठमाडौं उपत्यकाभित्र १३ वटा सेवा कार्यालयहरूको स्थापना भई सञ्चालनमा समेत आइसकेका छन्।


कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर (PAN) लिन नबिसौं।

# कार्यगत लक्ष्य प्रगतिमा प्रतिस्पर्धा

| Grading Scheme |
| --- |
| Grade |
| A++ |
| A+ |
| A |
| B |
| C |
| D |

Internal Monitoring System
Grading Report (ALL IRO, TSO, LTO) upto Asadh - 68/69

| Office Name | Audit | | Collection | | Investigation | | TP Services | | Total | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance |
| Lalitpur - 23 | 109 | A++ | 106 | A++ | | | 105 | A++ | 106.7 | A++ |
| Biratnagar - 12 | 108 | A++ | 106 | A++ | | | 105 | A++ | 106.3 | A++ |
| Bharatpur - 19 | 109 | A++ | 108 | A++ | | | 97 | A++ | 104.8 | A++ |
| Dharan - 13 | 109 | A++ | 100 | A++ | | | 100 | A++ | 103.1 | A++ |
| KTM 1 - 27 | 106 | A++ | 107 | A++ | 110 | A++ | | | 102.4 | A++ |
| TSO, Tripureshwor | | | 105 | A++ | | | 98 | A++ | 101.7 | A++ |
| KTM 2 - 28 | 105 | A++ | 108 | A++ | 96 | A++ | | | 100.57 | A++ |
| Dang - 51 | 102 | A++ | 102 | A++ | | | 95 | A+ | 99.8 | A++ |
| Dhangadhi - 20 | 107 | A++ | 100 | A++ | | | 91 | A+ | 99.4 | A++ |
| LTO - 52 | 93 | A+ | 89 | A+ | 109 | A++ | 109 | A++ | 97.9 | A++ |
| TSO, New Road | | | 100 | A++ | | | 91 | A+ | 95.9 | A++ |
| TSO, Battisputali | | | 100 | A++ | | | 91 | A+ | 95.7 | A++ |
| Bhadrapur - 11 | 79 | A | 108 | A++ | | | 100 | A++ | 95.4 | A++ |
| KTM 3 - 25 | 91 | A+ | 108 | A++ | 95 | A++ | | | 95.21 | A++ |
| TSO, Maharajgunj | | | 98 | A++ | | | 91 | A+ | 94.8 | A+ |
| TSO, Balaju | | | 92 | A+ | | | 97 | A++ | 94.2 | A+ |
| TSO, Putalisadak | | | 96 | A++ | | | 91 | A+ | 93.8 | A+ |
| TSO, Koteshwor | | | 94 | A+ | | | 92 | A+ | 92.7 | A+ |
| TSO, Tangal | | | 103 | A++ | | | 82 | A | 92.5 | A+ |
| Nepalgung - 26 | 78 | A | 91 | A+ | | | 107 | A++ | 91.1 | A+ |
| Butwal - 33 | 85 | A+ | 91 | A+ | | | 96 | A++ | 90.7 | A+ |
| TSO, Kalimati | | | 101 | A++ | | | 81 | A | 90.6 | A+ |
| Krisnanagar - 30 | 97 | A++ | 87 | A+ | | | 86 | A+ | 90.2 | A+ |
| TSO, Chabahil | | | 89 | A+ | | | 89 | A+ | 89.2 | A+ |
| Hetaunda - 18 | 94 | A+ | 90 | A+ | | | 79 | A | 87.9 | A+ |
| TSO, Thamel | | | 81 | A | | | 90 | A+ | 85.2 | A+ |
| Bhaktapur - 29 | 88 | A+ | 90 | A+ | | | 71 | B | 83.5 | A |
| Birgunj - 17 | 78 | A | 86 | A+ | | | 83 | A | 82.2 | A |
| Mahendranagar - 21 | 41 | D | 102 | A++ | | | 101 | A++ | 80.2 | A |
| Simara - 16 | 81 | A | 85 | A | | | 73 | B | 79.7 | A |
| Pokhara - 22 | 89 | A+ | 78 | A | | | 69 | B | 79.2 | A |
| TSO, Kalanki | | | 91 | A+ | | | 67 | B | 79.2 | A |
| Lahan - 15 | 75 | B | 80 | A | | | 83 | A | 79.1 | A |
| TSO, New Baneshwor | | | 74 | B | | | 84 | A | 79.1 | A |
| Bhairahawa - 24 | 64 | C | 75 | B | | | 93 | A+ | 76.4 | A |
| Janakpur - 14 | 73 | B | 69 | B | | | 85 | A | 75.3 | A |
| | | | | | | | | | | IRD Performance:91.72(A+) |

Internal Monitoring System
TSO Grading Report upto Asadh - 68/69

| Office Name | Collection | | TP Services | | Total | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | Performance | Grade | Performance | Grade | Performance | Grade |
| TSO, Tripureshwor | 105 | A++ | 98 | A++ | 101.7 | A++ |
| TSO, New Road | 100 | A++ | 91 | A+ | 95.9 | A++ |
| TSO, Battisputali | 100 | A++ | 91 | A+ | 95.7 | A++ |
| TSO, Maharajgunj | 98 | A++ | 91 | A+ | 94.8 | A+ |
| TSO, Balaju | 92 | A+ | 97 | A++ | 94.2 | A+ |
| TSO, Putalisadak | 96 | A++ | 91 | A+ | 93.8 | A+ |
| TSO, Koteshwor | 94 | A+ | 92 | A+ | 92.7 | A+ |
| TSO, Tangal | 103 | A++ | 82 | A | 92.5 | A+ |
| TSO, Kalimati | 101 | A++ | 81 | A | 90.6 | A+ |
| TSO, Chabahil | 89 | A+ | 89 | A+ | 89.2 | A+ |
| TSO, Thamel | 81 | A | 90 | A+ | 85.2 | A+ |
| TSO, Kalanki | 91 | A+ | 67 | B | 79.2 | A |
| TSO, New Baneshwor | 74 | B | 84 | A | 79.1 | A |
| | | | | | | Office Performance:91.11(A+) |

**निर्धारित कार्यगत लक्ष्यको आ.व. २०६८/६९ को असार मसान्तसम्मको सबै कार्यालयहरूको प्रगति विवरण अनुसार आन्तरिक राजस्व कार्यालय, ललितपुर सबैभन्दा अगाडि रहेको छ।**

आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूलाई निर्धारित कार्यगत लक्ष्यको आ.व. २०६८/६९ को असार मसान्तसम्मको सबै कार्यालयहरूको प्रगति विवरण अनुसार आन्तरिक राजस्व कार्यालय, ललितपुर सबैभन्दा अगाडि र हेको छ । उक्त कार्यालयको २०६९ असारसम्मको कार्यगत लक्ष्यमा कर परीक्षण, संकलन र करदाता सेवामा क्रमशः १०९, १०६ र १०५ प्रतिशत प्रगति भई समग्रमा १०६.७ प्रतिशत सहित सबैभन्दा अगाडि रहेको छ भने आन्तरिक राजस्व कार्यालयहरू विराटनगर र भरतपुर समग्र लक्ष्यको १०६.३ र १०४.८ प्रतिशत प्रगति गरी क्रमशः दोस्रो र तेश्रो स्थान हासिल गर्न सफल भएका छन्।

समग्रमा लक्ष्यको ९५ प्रतिशतभन्दा बढी प्रगति गरी A++ मा Grading हुने अन्य आन्तरिक राजस्व कार्यालयहरूमा क्रमशः आ.रा.का धरान, काठमाडौं क्षेत्र नं. १, क्षेत्र नं. २, क्षेत्र नं ३, दाङ, धनगढी, ठूला करदाता कार्यालय र भद्रपुर रहेका छन् । लक्ष्यको ८५ प्रतिशतभन्दा बढी प्रगति गरेर आ.रा.का नेपालगञ्ज, बुटबल, कृष्णनगर र हेटौंडाले A+ Grading हासिल गरेका छन् । त्यसै गरी लक्ष्यको ७५ प्रतिशतभन्दा बढी प्रगति गरी Grading मा A कायम गर्ने कार्यालयहरूमा भक्तपुर, वीरगञ्ज, महेन्द्रनगर, सिमरा, पोखरा, लहान, भैरहवा र जनकपुर रहेका छन् ।

त्यसै गरी करदाता सेवा कार्यालयहरूतर्फ वैशाख महिनासम्मको कार्यगत प्रगतिमा क.से.का. त्रिपुरेश्वर, नयाँ सडक र बत्तीसपुतली समग्र लक्ष्यको ९५ प्रतिशतभन्दा बढी प्रगति गरी A++ Grading सहित क्रमशः प्रथम, दोस्रो र तेस्रो भएका छन् भने सेवा कार्यालयहरू महाराजगञ्ज, बालाजु, पुतलीसडक, कोटेश्वर, टंगाल, कालीमाटी, चावहिल र ठमेल A+ मा र करदाता सेवा कार्यालय, कलंकी र नयाँ वानेश्वर ७५ प्रतिशतभन्दा बढी मात्र प्रगति गरी A मा Grading भएका छन् ।

# एकीकृत बजार अनुगमन कार्यक्रम सञ्चालन

आन्तरिक राजस्व विभागले कर कार्यान्वयन वर्ष २०६८ लाई थप प्रभावकारी तुल्याउने उद्देश्य तथा महानिर्देशकज्यूको च्भखभलगभ एगिक भन्ने भनाइलाई सार्थक बनाउने सन्दर्भमा आ.व. २०६८/६९ मा एकीकृत बजार अनुगमन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्‍यो । उक्त कार्यक्रम अन्तर्गत विभाग र मातहतका कार्यालयहरूबाट जम्मा १०० वटा टोलीबाट २०६९ आषाढ मसान्तसम्ममा




जम्मा ६१५७ करदाताहरूको अनुगमन सम्पन्न भइसकेको छ। त्यसैगरी सोही क्रममा कानूनबमोजिम कर पालना नगर्ने ८१२ करदातालाई जम्मा रु. ५५,९७,३३१।०० जरिवाना गरिएको छ। सो कार्यक्रम अन्तर्गत मूल्य अभिवृद्धि कर, आयकर, अन्तः शुल्क, घर बहाल कर, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क लगायतका करदाताहरूको दर्ता, विवरण तथा कर दाखिला, बिल बिजकको अनुगमन लगायतका करदाताले पालना गर्नुपर्ने कर सम्बन्धी दायित्व परिपालना गरे/नगरेको अनुगमन गर्ने गरिएको छ । यस अभियानबाट कर परीक्षण, अनुसन्धान र अनुगमनको कार्य थप प्रभावकारी हुनुका साथै कर चुहावटका क्षेत्र र कारोवार पहिचानमा समेत सघाउ पुग्ने देखिन्छ ।

# आन्तरिक राजस्व कार्यालयहरूको अनुगमन तथा निरीक्षण




**महानिर्देशक शर्माले विगत चैत्र र वैशाख महिनामा काठमाडौं उपत्यकाभित्रका सबै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरू एवं उपत्यका बाहिरका वीरगञ्ज, भरतपुर, भैरहवा, बुटवल, विराटनगर र भद्रपुर कार्यालयहरूको समेत निरीक्षण गरी आवश्यक निर्देशन प्रदान गर्नु भयो ।**

आन्तरिक राजस्व विभाग अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने क्रममा अर्थ मन्त्रालयका सचिव श्री कृष्णहरि बास्कोटाले गत चैत्र महिनामा आन्तरिक राजस्व कार्यालय, हेटौँडा र सिमराको अनुगमन तथा निरीक्षण गर्नुभयो । सो अवसरमा निर्देशन दिनु हुँदै सचिव श्री बास्कोटाले "My mission is zero tolerance against corruption" भन्दै सदाचार पद्धतिप्रति सँदैव प्रतिबद्ध रहन आग्रह गर्नुका साथै कार्यालयको कार्यगत लक्ष्य प्राप्तिका लागि सदैव प्रयत्नशील रहन र कार्यालयको फाइलिङ व्यवस्थालाई चुस्त राख्न समेत आग्रह गर्नुभएको थियो । सो अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको समेत उपस्थिति रहेको थियो । कार्यालय अनुगमन तथा निरीक्षणकै क्रममा महानिर्देशक शर्माले विगत चैत्र र वैशाख महिनामा काठमाडौं उपत्यकाभित्रका सबै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरू एवं उपत्यका बाहिरका वीरगञ्ज, भरतपुर, भैरहवा, बुटवल, विराटनगर र भद्रपुर कार्यालयहरूको समेत निरीक्षण गरी कार्यालय प्रमुख तथा अन्य कर्मचारीहरूलाई आवश्यक निर्देशन प्रदान गर्नु भयो । उक्त अवसरमा महानिर्देशकले राजस्वको लक्ष्य पूरा गर्ने कुरामा कुनै कसर बाँकी नराखी कार्य गर्न, बक्यौता असुली गर्ने सन्दर्भमा आवश्यक परे कानुनी करवाहीसम्म गर्न पनि पछि नहट्न, Non Filer को संख्या घटाउन, मूल्य अभिवृद्धि करमा दर्ता गर्दा अनुसन्धान गरेर सही करदाताको छनौट गरेर मात्र गर्न, बजार अनुगमनलाई सघन रूपले अगाडि बढाउन र सदाचार पद्धति कायम गर्ने सम्बन्धमा विशेष ध्यान दिन निर्देशन दिनुभएको थियो । त्यसै गरी आन्तरिक राजस्व विभागको अनुगमन शाखाले गर्ने कार्यागत लक्ष्यको अनुगमन अन्तर्गत वैशाख महिनामा आन्तरिक राजस्व कार्यालयहरू धनगढी र महेन्द्रनगर तथा चैत्र महिनामा आन्तरिक राजस्व कार्यालयहरू ललितपुर, दाङ, नेपालगञ्ज, भरतपुर, हेटौंडा, बुटवल र भैरहवाको अनुगमन गर्ने कार्य सम्पन्न भएको छ । उक्त अनुगमन टोलीको नेतृत्व विभागका उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाले गर्नुभएको थियो ।

## तालिम

### विविध तालिमहरू सञ्चालन

आन्तरिक राजस्व विभाग र GIZ RAS Project को संयुक्त आयोजनामा विभाग अन्तर्गत कार्यरत जनशक्तिलाई कर सम्बन्धी ज्ञान प्रदान गरी उनीहरूको कार्य क्षमता अभिवृद्धि गर्ने र कामप्रति थप उत्प्रेरित गर्ने एवं सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउने उद्देश्यका साथ विभिन्न तालिम कार्यक्रमहरू नियमित रुपमा सञ्चालन भइरहेका छन् । सो अन्तर्गत गत असार ३ देखी ८ सम्म Advance Accounting सम्बन्धी तालिम सम्पन्न भयो जसमा विभिन्न आन्तरिक राजस्व कार्यालयहरूमा कार्यरत २८ जना कर अधिकृतहरूको सहभागिता रहेको थियो । त्यसैगरी असार महीना कै ६, ७, ९, ११ र २२ गते काठमाडौं, चितवन, बुटवल र धरानमा गरी जम्मा ९६ जना कर अधिकृतहरूलाई Arrears Management Software Training प्रदान गरिएको थियो ।

सोही कार्यक्रम अन्तर्गत वैशाख २, ३, र ४ गते पूर्वी क्षेत्रको धरान तथा २७, २८ र २९ गते मध्य क्षेत्रको चितवनमा Excise Automation Software Training सम्पन्न गरियो । दुवै तालिम कार्यक्रममा तत्-तत् क्षेत्र अन्तर्गत पर्ने आन्तरिक राजस्व कार्यालयका अन्तःशुल्क शाखामा कार्यरत १५/१५ जना कर अधिकृत तथा सहायक कर्मचारीहरूको सहभागिता रहेको थियो ।

त्यसै गरी वैशाख १८ देखि १५ गतेसम्म Basic Accounting तालिम र वैशाख १७ देखि २२ सम्म Advance Accounting तालिम समेत सम्पन्न भयो । काठमाडौंमा आयोजना गरिएको उक्त तालिम कार्यक्रमहरूमा काठमाडौं उपत्यकाभित्रका र बाहिरका कार्यालयहरूमा कार्यरत क्रमशः २५ र २८ जना कर अधिकृतहरूको सहभागिता रहेको थियो । सोही क्रममा वैशाख २० गते आन्तरिक राजस्व विभागको सभाकक्षमा एक दिने सकारात्मक सोच सम्बन्धी कार्यशाला समेत सम्पन्न भएको थियो ।

## अन्तर्राष्ट्रिय तालिम तथा भ्रमण

आन्तरिक राजस्व विभागका जनशक्तिलाई अन्तर्राष्ट्रिय स्तरको ज्ञान प्रदान गरी कर सम्बन्धी अनुभव आदानप्रदान गर्ने कार्यक्रम अन्तर्गत गत आ.व.को असार र जेठ महिनामा पनि यस विभागका अधिकृत कर्मचारीहरुले विभिन्न देशका भ्रमण गरी तालिम कार्यक्रमहरूमा भाग लिनुभएको थियो । सो अन्तर्गत यस विभागका उप महानिर्देशकरू श्री कृष्णप्रसाद देवकोटा, श्री विष्णुप्रसाद नेपाल, श्री मधुकुमार मरासिनी र सूचना प्रविधि विज्ञ श्री कपिलदेव श्रेष्ठले क्रमशः सिंगापुर, हंगेरीको बुडापेस्ट, संयुक्त राज्य अमेरिका, र टर्कीको इस्तानबुलको भ्रमण गर्नुभएको थियो । सो अवसरमा श्री नेपाल Tax Policy र श्री श्रेष्ठ Exchange of Information विषयक तालिम कार्यक्रमहरुमा समेत सहभागी हुनुभएको थियो । त्यसैगरी मित्रराष्ट्र बंगलादेशमा सम्पन्न भएको ICT Study Tour मा सूचना प्रविधि विज्ञ श्री विरेन्द्रकुमार मिश्र, निर्देशक श्री उत्तमभक्त वाग्ले, शाखा अधिकृत श्री राजेश पण्डित तथा कम्प्युटर अधिकृत श्री थानेश्वर पनेरु सहभागी हुनुभएको थियो भने Tax Incentive सम्बन्धी दक्षिण कोरियामा सम्पन्न भएको तालिम कार्यक्रममा यस विभागका निर्देशक श्री कृष्णप्रसाद पराजुली र शाखा अधिकृत श्री चन्द्रबहादुर खड्का सहभागी हुनुभएको थियो ।



कर सम्बन्धी कुनै जानकारी चाहिएमा टोल फ्री नम्बर १६६००१४०००० मा सम्पर्क गर्न नभुलौं ।

# लेखापरीक्षण र बेरुजुका सम्बन्धमा अन्तरक्रिया सम्पन्न

आन्तरिक राजस्व विभागको आयोजनामा गत असार १७ गते लेखापरीक्षण र बेरुजुका सम्बन्धमा महालेखापरीक्षकको कार्यालय र अन्य सरोकारवाला सँगको एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि अर्थ सचिव श्री कृष्णहरि बाँस्कोटाले बेरुजु फछ्र्यौट कार्य अत्यन्त संवेदनशील विषय भएकाले यसमा विशेष लगनशीलता आवश्यक हुने उल्लेख गर्नुहुँदै महालेखापरीक्षकले उठाएका बेरुजुहरूको आधारमा कर सम्बन्धी कानूनी एवं नीतिगत सुधारका विषयहरू पहिचान गरी आन्तरिक राजस्व विभागले मन्त्रालयलाई प्रतिक्रिया दिने विश्वास व्यक्त गर्नुभयो । सम्बोधनकै क्रममा महालेखानियन्त्रक श्री प्रतापकुमार पाठकले असुल उपर गर्न नसकिने पुराना बक्यौता र संकलन लागत प्रभावकारी हुन नसक्ने सानो अंकका बक्यौता असुल उपर गर्न वाह्य श्रोत परिचालन गर्न सकेमा पुरानो बेरुजु बक्यौता फछ्र्यौट गर्न सघाउ पुग्ने सुझाव दिनुभयो ।

अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, आन्तरिक राजस्व विभाग र उपत्यकास्थित आन्तरिक राजस्व कार्यालयहरूका पदाधिकारीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा विभागका उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाले स्वगत मन्तव्य राख्नुका साथै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।त्यसैगरी उपमहालेखापरीक्षक श्री सोमराज पोखरेलले महालेखापरीक्षकको कार्यालयले लेखा परीक्षण गर्ने र बेरुजु संपरीक्षण गर्ने कार्यलाई प्रभावकारी वनाउन संस्थागत एवं कार्यशैलीगत सुधार गरिरहेको जानकारी दिनु हुँदै विषेशगरी एकै प्रकारको अनियमितता र बेरुजु दोहोरिने प्रवृत्ति अन्त्य गर्न




कार्यालयहरू सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रमलाई बेरुजु फछ्र्यौट समितिका सचिव श्री दयानाथ शर्मा, सार्वजनिक लेखा समितिका सचिव श्री सोमबहादुर थापा र अर्थ मन्त्रालयका सहसचिवद्वय श्री राजन खनाल र शिशिरकुमार ढुंगानाले समेत सम्बोधन गर्नुभएको थियो ।

सो कार्यक्रममा नायव महालेखापरीक्षक श्री रामु डोटेल र विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले प्रस्तुत गर्नुभएको कार्यपत्रहरूमाथि छलफल भएको थियो । "लेखा परीक्षण योजना २०६९" विषयक कार्यपत्र प्रस्तुत गर्दै नायव महालेखापरीक्षक डोटेलले महालेखापरीक्षकको कार्यालयले गर्ने लेखापरीक्षणका उद्देश्य, क्षेत्र, सिद्वान्त र प्रक्रियाका सम्बन्धमा विस्तृत प्रकाश पार्नुभएको थियो भने "लेखा परीक्षण र बेरुजु" विषयक कार्यपत्र प्रस्तुत गर्दै उपमहानिर्देशक नेपालले आन्तरिक राजस्व विभागको महालेखापरीक्षण बेरुजु र संपरीक्षणको विद्यमान अवस्थाको विस्तृत विवरण पेश गर्दै आन्तरिक राजस्व विभाग र महालेखा परीक्षकको कार्यालयको संयुक्त प्रयासबाट बेरुजु कायम हुने प्रवृत्ति घट्दो अवस्थामा रहेको र बेरुजु फर्छ्यौट प्रतिशत बढ्दो अवस्थामा रहेको तथ्य प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता गर्नुभएका विभागका महानिर्देशक श्री टंकमणि शर्माले नेपालको कर प्रणालीमा गर्नुपर्ने सुधारहरूका पहिचान विभागले गरिसकेको र सो को कार्यान्वयन आगामी आर्थिक वर्षदेखि नै सुरु हुने जानकारी दिनुका साथै लेखापरीक्षकले परीक्षण हुने संस्थाको दृष्टिकोणबाट र लेखापरीक्षण हुने संस्थाले लेखापरीक्षकको दृष्टिकोणबाट हेर्न सक्ने हो भने बेरुजु उठान र संपरीक्षणमा रहेका समास्याहरू समाधान गर्न सकिने उहाँको धारणा थियो ।

# सूचना प्रविधि सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

आन्तरिक राजस्व विभागको आयोजनामा २०६८ साल चैत्र १३ गते सूचना प्रविधि सम्बन्धी एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ । गोष्ठी आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । सो अवसरमा विभागका उपमहानिर्देशकहरू, निर्देशकहरू लगायत विभाग र अन्तर्गतका कार्यालयका कार्यालय प्रमुखहरू एवं सूचना प्रविधिसँग सम्बन्धित पदाधिकारीहरूको सहभागिता रहेको थियो । उक्त गोष्ठीलाई सम्बोधन गर्दै विभागका महानिर्देशक श्री शर्माले विभागको सम्पूर्ण कर प्रणाली नै सूचना प्रविधिमा आधारित भइसकेको हालको अवस्थामा सो प्रणालीको दिगोपनाका लागि निर्देशन दिनुभयो । यस्तै यसको प्रयोगमा देखिएका समस्या र समाधानका उपायहरू पहिल्याउन गोष्ठी सफल हुने उहाँको विश्वास थियो । उहाँले त्यस अवसरमा सूचना प्रविधिका लागि GIZ RAS Project बाट भइरहेको एकीकृत सूचना प्रणालीको विकास र Data Center को स्थापनाका बारेमा समेत संक्षिप्त प्रकाश पार्नुभएको थियो । गोष्ठीमा विभागका सूचना प्रविधि विज्ञ श्री कपिलदेव श्रेष्ठले स्वागत मन्तव्य र उपमहानिर्देशक श्री कृष्णप्रसाद देवकोटाले समापन मन्तव्य प्रस्तुत गर्नुभएको थियो । विभागका सूचना प्रविधि शाखाका निर्देशक श्री वीरेन्द्रकुमार मिश्रले आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूमा सूचना प्रविधिको वर्तमान अवस्थाका बारेमा जानकारी दिनुभएको थियो भने प्रोफेसनल कम्प्युटर सिस्टम प्रा.लि.का श्री सुशील प्रधानले एकीकृत सूचना प्रविधि परियोजनाका सम्बन्धमा विस्तृत विवरण प्रस्तुत गर्नुभएको थियो । सूचना प्रविधिसम्बन्धी प्रस्तुत नयाँ एकीकृत प्रणालीका सम्बन्धमा तीन वटा विषयमा छुट्टाछुट्टै समूहगत छलफल र प्रस्तुति गरिएको उक्त कार्यशालामा समूहगत छलफलको नेतृत्व ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री आनन्दराज ढकाल, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ का प्रमुख कर प्रशासक श्री तोयम राय र आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ का प्रमुख कर प्रशासक श्री रामशरण पुडासैनीले गर्नुभएको थियो । उक्त समूहगत छलफलका विषयवस्तुहरूमा क्रमश: सूचना प्रविधिको प्रयोगमा रहेका समस्या, सुधारको आवश्यकता र कार्ययोजना, नयाँ एकीकृत प्रणालीमा आयकर निर्धारण एवं संकलन व्यवस्था र नयाँ एकीकृत प्रणालीमा मूल्य अभिवृद्धि कर एवं अन्त:शुल्क निर्धारण र संकलनको व्यवस्था लगायत रहेका थिए ।


कुनै पनि सामान खरीदबिक्री गर्दा बिल लिनेदिने बानी बसालौं ।

# कर लेखापरीक्षण

## सम्बन्धी कार्यशाला सम्पन्न

आन्तरिक राजस्व विभाग र GIZ RAS Project को संयुक्त आयोजनामा "नेपालको कर प्रणालीमा कर लेखापरीक्षण सम्बन्धी सामयिक सवाल" विषयक एक दिने कार्यशाला गोष्ठी यही २०६९ वैशाख २६ गते राजधानीमा सम्पन्न भयो। आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूका पदाधिकारी र नेपाल चार्टड एकाउन्टेन्ट संस्था (ICAN) का सदस्यहरू सहभागी हुनुभएको उक्त गोष्ठीको उद्घाटन अर्थ सचिव श्री कृष्णहरि बास्कोटाले गर्नुभएको थियो। अर्थ मन्त्रालयका सहसचिव श्री राजन खनाल, विभागका महानिर्देशक श्री टंकमणि शर्मा, उपमहानिर्देशकहरू श्री कृष्णप्रसाद देवकोटा, श्री विष्णुप्रसाद नेपाल, श्री मधुकुमार मरासिनी, उपमहालेखापरीक्षकहरू श्री देवबहादुर बोहरा, श्री सोमराज पोखरेल र श्री रामप्रसाद डोटेल तथा ICAN का अध्यक्ष श्री सुदर्शनराज पाण्डे समेतको उपस्थिति रहेको उक्त कार्यशालामा विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल एवम् ICAN का अध्यक्ष श्री सुदर्शनराज पाण्डेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। सो कार्यशालालाई सम्बोधन गर्दै अर्थ सचिव बास्कोटाले कर लेखापरीक्षकहरू कर प्रशासन र करदाताबीचको पुलका रुपमा रहेकाले कर प्रणाली सुधार मा लेखापरीक्षकहरूको ठूलो भूमिका रहने औंल्याउनुका साथै कर प्रशासन र लेखापरीक्षकहरूको संयुक्त प्रयासबाट मात्र कर प्रणालीको गुणस्तरमा सुधार ल्याउन सकिने बताउनुभयो। सो कार्यशालाको औचित्यमाथि प्रकाश पार्नु हुँदै विभागका महानिर्देशक श्री टंकमणि शर्माले कर प्रणालीमा सुधारका निम्ति सरोकार वालाहरूसँगको अन्तरक्रियाका लागि त्यस कार्यक्रम अयोजना गरिएको बताउनुभयो। उहाँले केही लेखापरीक्षकहरूले आफ्नो दायित्व बिर्सेर कर चुहावटमा सहयोगी बनेकोतर्फ संकेत गर्दै लेखापरीक्षकहरूलाई आफ्नो कर्तव्य पालना गर्दा राष्ट्रलाई केन्द्रमा राखेर कार्य गर्न आग्रह गर्नुभयो।

"कर प्रणालीको सुधार र कर लेखापरीक्षण" विषयक कार्यपत्र प्रस्तुत गर्नु हुँदै विभागका उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले कर प्रशासक र लेखापरीक्षक दुवैले आफ्नो मर्यादामा रहेर कार्य सम्पादन गर्ने हो भने कर लेखापरीक्षणमा देखिएका वर्तमान समस्याहरू तत्काल समाधान हुने धारणा राख्नुभयो। त्यसै गरी "कर लेखापरीक्षणको समसामयिक समस्या र समाधान" विषयक कार्यपत्र प्रस्तुत गर्दै ICAN का अध्यक्ष श्री सुदर्शनराज पाण्डेले लेखापरीक्षक व्यवसायीहरूमा व्यावसायिकताको विकास हुँदै गइरहेको र पेसागत आचरण विरुद्ध काम गर्ने लेखापरीक्षकहरूमाथि कारवाही गर्न ICAN सधैं तत्पर रहेको धारणा व्यक्त गर्नुभयो।

### बेरुजु फछ्र्यौट प्रगति ५३ प्रतिशत

आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयहरूको गत आर्थिक वर्ष २०६८/६९ का लागि लगत सरेको जम्मा बेरुजु रु. २७२४७८९ हजार मध्ये आ.व. को असार मसान्तसम्म रु. १४३९६१४ हजार अर्थात् कुल बेरुजु रकमको ५३ प्रतिशत संपरीक्षण भएको छ। कार्यालयगत हिसाबमा विभाग समेत १६ वटा कार्यालयहरूको फछ्र्यौट प्रगति ५० प्रतिशत भन्दा बढी रहेको छ। गत आ.व.मा सबैभन्दा बढी बेरुजु संपरीक्षण गर्ने ५ कार्यालयहरू निम्नानुसार छन् :

**सबैभन्दा बढी संपरीक्षण गर्ने पाँचवटा कार्यालयहरू (रु. हजारमा)**

| कार्यालय | बेरुजु अंक | फछ्र्यौट अंक | प्रगति प्रतिशत |
|---|---|---|---|
| दाङ | ३८५ | ३६७ | ९५ |
| ललितपुर | ८५८०५ | ६८७५६ | ८० |
| नेपालगञ्ज | १६६३५ | ११६५४ | ७० |
| हेटौंडा | २४६९१ | १५७७६ | ६४ |
| भद्रपुर | १८१२१ | ११५२५ | ६४ |

## सुशासन

### सुशासन र शासकीय सुधारमा उत्साहजनक सफलता

सुशासन र शासकीय सुधार कार्ययोजना कार्यान्वयनको दृष्टिले आन्तरिक राजस्व विभागले गत आर्थिक वर्ष २०६८/०६९ उल्लेखनीय सफलता हासिल गरेको छ। सुशासन ऐन २०६५ को दफा २९ बमोजिम गरिएको वार्षिक कार्यप्रगतिको मूल्यांकनमा विभागले लक्ष्यको २ सय २९ दशमलव २५ प्रतिशत सफलता हासिल गरेको देखिएको छ।


शासकीय सुधार कार्ययोजना, २०६८ कार्यान्वयनको क्रममा कर परीक्षण संख्या, कर परीक्षणबाट कर निर्धारण रकम, कर अनुसन्धान संख्या, कर अनुसन्धानबाट कर निर्धारण भएको रकम, प्यान तथा भ्याटमा दर्ता संख्या, बेरुजु संपरीक्षणको संख्या र गुनासो सम्बोधनलाई आधार बनाई यस्तो मूल्यांकन गरिएको हो। उपर्युक्त ८ वटा कार्यगत क्षेत्रमा गरिएको मूल्यांकन मध्ये गत आ.वमा विभागले सबैभन्दा बढी कर अनुसन्धानबाट कर निर्धारण भएको रकम अन्तर्गत लक्ष्यको ८ सय ६१ प्रतिशतसम्म सफलता हासिल गरेको छ। बजेट बक्तव्यले गत आ. व. लाई कर कार्यान्वयन अभियान वर्षको रूपमा घोषणा गरे अनुरुप वार्षिक कार्य योजना बनाई विभिन्न कार्यक्रमहरु संचालन गरेबाट यो सफलता मिलेको विभागका महानिर्देशक श्री टंकमणि शर्माले जानकारी दिनुभयो। विशेषगरी झुटा तथा नक्कली बिल बिजकको प्रयोग गरी कर छली गर्ने विरुद्ध सघन रूपमा वृहत अनुसन्धान गरी सो कार्यलाई कानूनी दायरामा ल्याई छलिएको राजस्व असुल गर्ने कार्यमा विभाग सफल भएको छ। कर कार्यान्वयन अभियान वर्षका रुपमा थालिएको यो अभियानले कर प्रणाली माथि गरिएको कर छलीको अभियान निस्तेज भएको छ। यसका साथै यो अभियान नथालिएको भए भविष्यमा कर प्रणाली क्रमशः फितलो हुने र वित्त संरचना पनि खलबलिने र समष्टिगत आर्थिक स्थायित्वमा पर्ने प्रतिकुल असरबाट जोगिएको छ।

यसैगरी विभागले राजस्व नीतिको सफलताका लागि अझै पनि विभिन्न समस्याहरु रहेको पहिचान गरी तिनको समाधानको लागि समेत काम सुरु गरि सकेको छ। करको दायरा अपेक्षित रुपमा बढन नसक्नु, लुकेको अर्थव्यवस्थामा कर प्रशासनको नियन्त्रण अपेक्षित रुपमा हुन नसकेको अवस्था, बजारमा बिल बिजक लिने र दिने बानीको विकास पर्याप्त मात्रामा हुन नसकेको जस्ता समस्याहरु राजस्व नीतिका मूल समस्या रहेको आन्तरिक राजस्व विभागले ठहर गरेको छ। कर विवाद निरुपण गर्ने निकाय (राजस्व न्यायाधिकरण) हरुमा जनशक्ति रिक्त भई समयमा पुनरावेदन हुन नसकेको कारण कर विवाद नसुल्झिएको र असुल हुनुपर्ने धेरै कर रकम बक्यौता रहन गएको समेत विभागले औंल्याएको छ। यस्तै विभागले आउँदा दिनहरूमा बिल नदिई कारोवार छल्न खोज्ने व्यवसायी उपर निगरानी बढाई कानूनी कारवाहीमा तिव्रता दिने समेत नीति लिएको छ।

# कार्यगत प्रगति विवरण

### आ.व. २०६८/६९ को कार्यालयगत राजस्व असुलीको योगदान

| क्र.सं | कार्यालय | २०६८।०६९ असारसम्मको | | प्रगति |
|---|---|---|---|---|
| | | लक्ष्य | असुली | प्रतिशत |
| १ | ठूला करदाता | ४९७४४००८ | ४९४०३४९४ | ९९ |
| २ | काठमाडौं क्षेत्र नं १ | ७४६८५७६ | ७२११०३ | ९७ |
| ३ | सिमरा | ६११६५७० | ५६८७५५६ | ९३ |
| ४ | काठमाडौं क्षेत्र नं ३ | ५०९१४६५ | ५६३७७४८ | १११ |
| ५ | भरतपुर | ४६४४८९९ | ५१६३१७९ | १११ |
| ६ | वीरगंज | २९६४५८१ | ३८०८६८२ | १२८ |
| ७ | ललितपुर | २८२९३०३ | ३२६१४४८ | ११५ |
| ८ | काठमाडौं क्षेत्र नं २ | २७२८७४८ | ३०२५२३५ | १११ |
| ९ | विराटनगर | २७४५७९७ | २९५६९२४ | १०८ |
| १० | पोखरा | १५८३७२० | १७४३४७३ | ११० |
| ११ | बुटवल | १००१६०३ | १२६३७६५ | १२६ |
| १२ | भैरहवा | १२२७७४७ | १२५६९५१ | १०२ |
| १३ | हेटौंडा | ११२०७३६ | ११७०८२९ | १०४ |
| १४ | धरान | ९९९८१६ | १०५१८११ | १०५ |
| १५ | भक्तपुर | ९५९९५५ | १०४२४०५ | १०९ |
| १६ | नेपालगञ्ज | ८६५८३४ | ९४६४९९ | १०९ |
| १७ | जनकपुर | ५७३२८४ | ६७९८६५ | ११९ |
| १८ | भद्रपुर | ५७२०२२ | ६३५८७३ | १११ |
| १९ | लाहान | ४८२४५५ | ६१७६२६ | १२८ |
| २० | धनगढी | ४३१६९२ | ५०६५८२ | ११७ |
| २१ | दाङ | २९११२७ | ३७५६९९ | १२९ |
| २२ | कृष्णनगर | ३२६१६० | ३५१०१३ | १०८ |
| २३ | महेन्द्रनगर | २१३७०३ | ३१५१२३ | १४७ |
| जम्मा | | ९४,९८३,८०१ | ९८,१२२,८८३ | १०३ |




### करदाता दर्ता विश्लेषण


गत आर्थिक वर्ष २०६८/६९ सम्म करको दायरामा समाविष्ट कर दाताहरुको संख्या नयाँ दर्ता हुने करदाताहरुको संख्या ६ लाख ५२ हजार ६ सय २६ पुगेको छ। आन्तरिक राजस्व विभाग र मातहतका करदाता सेवा कार्यालयहरुमा दर्ता भएका करदाताहरु मध्ये ५ लाख ३९ हजार १० करदाताले स्थायी लेखा नम्बर (एव्ल) नम्बर लिई दर्ता भएका छन् भने १ लाख १३ हजार ६ सय १६ जना करदाताहरु मूल्य अभिवृद्धि करतर्फ दर्ता भएका छन् ।


### बेरुजु फछ्यौंटको स्थिति विश्लेषण

बेरुजु फछ्यौंटको स्थिति विश्लेषण गर्दा विगतका आर्थिक वर्षहरुमा लक्ष्यभन्दा बेरुजु फछ्यौंट कम हुने गरेकोमा गत आर्थिक आन्तरिक राजस्व विभागले यसमा उल्लेख्य प्रगति गरेको छ। गत आर्थिक वर्ष २०६८/६९ मा विभागले रु. १ अर्ब २३ करोड ८९ लाख बेरुजु

### आ.व. २०६८/०६९ को मासिक

| क्र.सं | शीर्षक | आ.व. ०६८ /०६९ | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | | भाद्र | | आश्विन | | कार्तिक | | मंसिर | | पुस | |
| | | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली |
| १ | जम्मा आयकर | २६६९९५८ | २२६२३६२ | १४७२७२८ | १४६४५६५ | १६५१४५२ | १८६३१६२ | २३२२७०५ | २३८०७३१ | १९६०६६० | १९७६६२५ | १२६७७५२९ | १३५१४२५६ |
| | (क) आयकर | १७७११२६ | १३६८२३६ | १२८४२८१ | १२१५०१४ | १४०११२३ | १५८०५६५ | १५३५४३४ | १४४८१९१ | १७४७५३२ | १६९९९२७ | १२१४३४३४ | १२९६२२४९ |
| | (ख) वहाल कर | ९४८६३ | १३३४९४ | ८८८०७ | १०१२०८ | १२४७४७ | ११९२३६ | ६२३३२ | ८८९१२ | ८७८३९ | १०२२९९ | २०१३६७ | २२३५५३ |
| | (ग) ब्याज कर | ८०३९६९ | ७६०६३२ | ९९६४० | १४८३४३ | १२५५८२ | १६३३६१ | ७२४९३९ | ८४३६२८ | १२५२८९ | १७४३९९ | ३३२७२८ | ३२८४५४ |
| २ | मू.अ.कर | २९३२६२६ | २९८१३५० | १६२७८१७ | १६३८८४२ | १६७९९६१ | १६५२२६८ | १७२८०९४ | १७८८०२५ | १८९३२२२ | २०३८१३५ | १८७७८५१ | १९५८७७५ |
| ३ | अन्त:शुल्क | ११६७१३४ | १२१४०५४ | १४४१५५२ | १२९९३४९ | १४९६०७३ | १४६१९८८ | १४८७२४८ | १७३२२६० | १७६९८९२ | १७९२३६९ | १६२०४८० | १५५७२७० |
| ४ | शिक्षा सेवा शुल्क | ५९९९७ | १८५१७ | ९९९१ | ५२१२ | ९९९१ | ७८९५ | ९९९१ | १२२६० | ४९९९७ | ३०३१६ | ९९९१ | २९५६८ |
| | जम्मा कर राजस्व | ११०९८३७६ | १०९४६८७७ | ९४५२२५४ | ८८८३०२५ | ९५२५१५६ | ९३९२४१८ | ९७३६८४० | १०४१९९७६ | १०८१७१२४ | १०९९२६२८ | २०८८१९०४ | २१६४८८६६ |




फछ्र्यौट गर्ने लक्ष्य राखेकोमा लक्ष्यभन्दा बढी अर्थात् रु. १ अर्ब २७ करोड ९० लाख बेरुजु फछ्र्यौट गर्न सफल भएको छ।

## करपरीक्षणको विश्लेषण

गत आर्थिक वर्षमा आन्तरिक राजस्व विभागले रु. ४ अर्ब ४५ करोड १० लाख बराबरको कर परीक्षण गरेको छ। अघिल्लो आर्थिक वर्षमा विभागले २ अर्ब ५७ करोड १० लाख बराबर कर परीक्षण गरेको थियो। कर कार्यान्वयन वर्ष अभियान अन्तर्गत विभागले कर परीक्षणमा समेत गत आ.व.मा तीव्रता दिएको छ।

### शासकीय सुधार कार्ययोजना, २०६८ कार्यान्वयन वार्षिक प्रगति विवरण


| क्र.सं | विषय | वार्षिक लक्ष्य | एकाइ | पुष सम्मको | माघ | फागुन | चैत्र | बैशाख | जेठ | असार | जम्मा प्रगति | प्रगति प्रतिशत | आ.व. २०६७६८ को प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कर परीक्षण संख्या | ३०४० | संख्या | १३३० | १७३ | ८६ | ५३ | १७५ | १७४ | ९२५ | ३४१७ | ११२ | १६४१ |
| २ | कर परीक्षणबाट कर निर्धारण रकम | ५२३६००५ | रु. हजारमा | ४०२६८०० | ४५००७५ | ६१७५५० | ३१०६१५ | १२९७४७ | १९७०१५ | २३८३८२६ | ८,११,५६,२८ | १५५ | १२८६८८५६ |
| ३ | कर अनुसन्धान संख्या | ११७५ | संख्या | ७२ | ३४ | १० | १७७ | ११८ | १५ | ६८५ | १२२३ | १०४ | ९८८ |
| ४ | कर अनुसन्धानबाट कर निर्धारण भएको रकम | ७३६४०० | रु. हजारमा | १८५७२४८ | ८५७३७२ | ६०६८५४ | ५७५२०६ | ३१७१७५ | २६४८७६ | १८६४२१४ | ६,३४,२९,४५ | ८६१ | १९२७५०० |
| ५ | PAN दर्ता संख्या | ४५८०० | संख्या | ३६९६३ | ३१८९ | ३६३६ | ४४६२ | २९२२ | ३०६१ | २१०७४ | ७,५३,०७ | १६४ | ५६१६४ |
| ६ | VAT दर्ता संख्या | ६३५० | संख्या | ८७१६ | ८६७ | ९७२ | ११५७ | ७४८ | ७४८ | २६७८ | १,५८,८६ | २५० | १५०६१ |
| ७ | बेरुजु संपरीक्षण | कम्तीमा ६० प्रतिशत ( कुल बेरुजु लगत रु. २७२४३३३ हजार रहेको छ। तसर्थ सं.प. गर्नु पर्ने लक्ष्य रु. १६३४६०० हजार) | रु. हजारमा | ६३८५३८ | ९०२८६ | ६०७८५ | ८,८३,०९ | ६,१४,५७ | ११,२३,०३ | ३८७९३६ | १,४३,९६,१४ | ८८ | ५६ प्रतिशत |
| ८ | गुनासो सम्बोधन | १०० | प्रतिशतमा | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० प्रतिशत |


### राजस्व लक्ष्य असुलीको तालिका

रु.हजारमा

| माघ | | फाल्गुन | | चैत्र | | वैशाख | | जेठ | | असार | | वार्षिक | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | लक्ष्य | असुली | |
| २५६४४१९ | २६७५१०५ | १६०४७४९ | १५२७००७६ | ८७११६२० | ९०६३३९३ | २३४१९८७ | २३६४८४५ | १९९९१०२ | २६०४५३७ | १०८३६५९१ | १०५५८००१ | ५०८१३५०० | ५२३३४२५४ | १०३ |
| १६३०१५३ | १६४७१४३ | १३७०३१९ | १२४८०३३ | ८४०२७७६ | ८७५७४४० | १४८२५९७ | १३७९११९० | १७७८७९७ | २३१३११२ | १०२०५९२८ | ९७४२६०५ | ४४७५३५०० | ४५४३०४४५ | १०२ |
| ९४३८० | ८६४९५ | ९७८५१ | ९४३१४ | ९८६५० | १११६८४ | ७८५९५ | ८७३३२ | ८८१८९ | १००२४४ | २३२३८० | २७४९२३ | १३५०००० | १५२७६७३ | ११३ |
| ८३९८८६ | ९४१४६७ | १३६५७९ | १८४७२९ | २१०१९४ | १९४२६९ | ७८०७९५ | ८९८३२३ | १३२११६ | १९११८१ | ३९८२८३ | ५४०४७३ | ४७१०००० | ५३७६१३६ | ११४ |
| १९११८०१ | १९५३७५० | १९७८९७२ | १८८२५३८ | २३३०५७४ | २४६६४४२ | २०७५८३३ | २३१३५४१ | २२४९७१४ | २११४१०१ | २३८८७३५ | २७७६७४४ | २४६७५२०० | २५६५०८३१ | १०४ |
| १४५५८९१ | १३९९२९५ | १५७२५५३ | १६६०२५४ | १७१८६९६ | १६४९५८३ | १३४२८६५ | १३६७९७६ | २०३१७१९ | १९९०३३६ | २१४०९९८ | २७६२६४० | १९२४५१०१ | १९९१४०४८ | १०३ |
| ९९९१ | १२५६५ | ९९९१ | १२३४० | ४९९९८ | ३५२२२ | ९९९१ | १०१४६ | ९९९१ | १३१०१ | १००८० | ३०८५३ | २५०००० | २२३७५० | ९० |
| १०८८६१६२ | १०६०४७२० | ९८५६९४३ | ९८१८४३५ | १८१०२४५३ | १८२४७०३० | १०७९२१७७ | १०५६१६७९ | ६२९०५२६ | ६७२२०७५ | २१३७४९०० | २१७९२२०० | १४२८१६२१९ | १५५१५६५५६ | १०९ |


कर तिर्नु कानूनी कर्तव्य मात्र होइन, सम्मान पाउने अवसर पनि हो ।








## ई-प्रणालीको कार्यक्षमता, बक्यौता संकलन र कर निर्धारण

राजस्व प्रशासन विद्युतीय सूचना प्रणालीको उपयोग बढ्दो रहेको ई(सिष्टम कार्यक्षमता मूल्यांकनले देखाएको छ। गत आर्थिक वर्ष २०६८/६९ सम्ममा ई( प्यान नम्बर लिने करदाताको संख्या ९ हजार ५ सय ३७ पुगेको छ। यस्तै गत आ.व. सम्ममा ई(टिडीएस नम्बर लिने करदाताको संख्या ४८ हजार ९६७ पुगेको छ। विद्युतीय पद्धतिबाट कारोबारको विवरण ई(फाइलिङ गर्नेहरुको संख्यामा पनि वृद्धि भएको तथ्यांकले देखाउँछ।

कर निर्धारण भएर पनि उठ्न बाँकी रहेको बक्यौता रकम संकलनतर्फ विभागले गत आर्थिक वर्ष २०६८/६९ मा रु. २ अर्ब ५२ करोड २९ लाख रुपैया संकलन गरेको छ। मू.अ.करतर्फ बक्यौता रहेको १ अर्ब ६१ करोड २९ लाख तथा आयकरतर्फ बक्यौता रकम रु. ९१ करोड गरी विभागले सो रकम संकलन गर `को हो। अघिल्ला आर्थिक वर्षहरुमा यो भन्दा भारी मात्रामा बक्यौता रहने गर `पनि क्रमशः बक्यौता रकम संकलन गरी कर असुलीलाई प्रभावकारी तुल्याउन विभाग सक्रिय रहेको छ।

आन्तरिक राजस्व विभागले कर अनुसन्धानबाट गत आर्थिक वर्षमा आयकर , मू.अ.क तथा अन्तःशुल्कतर्फ गरी जम्मा रु. ८ अर्ब ४४ करोड ८० लाख बर ारबर कर निर्धारण गरेको छ। आयकरतर्फ रु. ६ अर्ब १० करोड ११ लाख, मू.अ.करतर्फ रु. २ अर्ब १२ करोड ९९ लाख तथा अन्तःशुल्कतर्फ रु. १४ करोड ८८ लाख कर निर्धारण गरिएको हो।




# परिपत्र

**अमानतमा सडक पूर्वाधार कर असुल उपर गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने**

यस विभागको मिति २०६९/०२/०४ मा भएको निर्णयानुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ ले स्थानीय निकाय मूल्य अभिवृद्धि करमा दर्ता नभए पनि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नुपर्ने व्यवस्था गरेको र मूल्य अभिवृद्धि कर कारोवारमा लाग्ने कर भएकोले कसले असुल गर्छ भन्ने आधार मा नभई कारोवारमा लाग्ने/नलाग्ने आधारमा व्याख्या गर्नुपर्ने हुँदा जिल्ला विकास समितिको कार्यालयले सवारी साधनबाट आफैंले अमानतमा सडक पूर्वाधार कर असुल उपर गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने र यसरी असुल गरेको मूल्य अभिवृद्धि कर प्रत्येक महिना समाप्त भएको मितिले २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने छ।

**सार्वजनिक वा निजी गुठी अन्तर्गत सञ्चालित विद्यालयहरू निजी क्षेत्रकै विद्यालय मान्नुपर्ने र शिक्षा सेवा शुल्क लाग्ने**

शिक्षा ऐन, २०२८ मा सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय र संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ भन्ने उल्लेख भएको र उपर्युक्त परिभाषाको आधारमा सार्वजनिक वा निजी गुठी अर्न्तगत सञ्चालित विद्यालयहरू निजी क्षेत्रकै विद्यालय मान्नुपर्ने र कुनै पनि प्रकारको शुल्क लिई सञ्चालन गर्ने विद्यालयलाई शिक्षा सेवा शुल्क लाग्ने भएकोले यस्ता गुठीको रुपमा सञ्चालित विद्यालयलाई शिक्षा सेवा कर लाग्ने भनी यस विभागबाट मिति २०६९/०१/१७ मा निर्णय भएको छ।

**कर लाग्ने कारोवारमा कर असुलउपर हुने व्यवस्था गरी कर छुटको प्रमाणपत्र जारी गर्न मिल्ने**

यस विभागको मिति २०६९/१०/१७ मा भएको निर्णयानुसार आयकर ऐन, २०५८ को दफा १० (५) ले छुट पाउने संस्थाले प्राप्त गरेको चन्दा, उपहार र दफा २ को खण्ड (ध) बमोजिमको छुट पाउने संस्थालाई प्रतिफल प्राप्त गर्ने वा प्रतिफलको आशा नगरी त्यस्तो संस्थाको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित अन्य योगदानहरूमा मात्र आय कर छुट दिएको र आयकर छुटको प्रमाणपत्र जारी गर्ने सम्बन्धमा सो प्रमाणपत्रमा नै संस्थाले आफ्नो उद्देश्यदेखि बाहेक अन्य गतिविधि सञ्चालन गरी कर योग्य आय आर्जन गरेमा त्यस्तो आयमा कर छुट हुँदैन भनी स्पष्ट रुपमा उल्लेख भएकोले कर लाग्ने कारोवारमा कर असुलउपर हुने व्यवस्था गरी आयकर ऐन, २०५८ को दफा २ (ध) १ (क) बमोजिमको संस्थालाई कर छुटको प्रमाणपत्र जारी गर्न मिल्ने भनी यस विभागबाट मिति २०६९/१०/१७ मा निर्णय भएको छ।